## सिद्धार्थ बैंक लिमिटेडको

## सोह्रौं वार्षिक साधारण सभाको

## कामकारवाहीको विवरण (माइन्युट)

### १. सभाको काम कारवाही:

मिति २०७४ साल चैत्र महिना ०४ गते तद्नुसार १८ मार्च २०१८ का दिन यस सिद्धार्थ बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा सम्पन्न भयो । बैंकको सोह्रौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

### २ सभाको मिति, समय र स्थान:

मिति : २०७४ साल चैत्र महिना ०४ गते आईतबार (तद्नुसार १८ मार्च २०१८)

स्थान : राष्ट्रिय सभागृह, प्रर्दशनी मार्ग, काठमाण्डौं

समय : बिहान ११:०० वजे देखि अपरान्ह २:०० वजे सम्म ।

### ३. सभाको सूचना र सूचना प्रकाशन मिति:

बैंकको मिति २०७४ साल फाल्गुण ०८ गते (तदनुसार २० फेब्रुवरी २०१८) गतेका दिन बसेको सञ्चालक समितिको २८७ औं बैठकको निर्णयानुसार बोलाईएको यस सोह्रौं वार्षिक साधारण सभाको लागि बैंकको हाल लागु भईरहेको नियमावली तथा प्रचलित कम्पनी ऐन बमोजिम सोह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी शेयरधनीहरुको जानकारीको लागि मिति २०७४ फाल्गुण ११ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक तथा २०७४ फाल्गुण २२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

### ४. सभामा उपस्थिति:

#### ४.१. संचालकहरुको उपस्थिति:

| | |
|---|---|
| (१) श्री मनोज कुमार केडिया | अध्यक्ष |
| (२) श्री नरेन्द्र कुमार अग्रवाल | संचालक |
| (३) श्री बिरेन्द्रकुमार शाह | संचालक |
| (४) श्री दिनेश शंकर पालिखे | संचालक |
| (५) श्री राजेश कुमार केडिया | संचालक |

#### ४.२. पर्यवेक्षकको उपस्थिति :

(१) श्री राजेन्द्र थापा, प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।

(२) श्री ध्रुव तिमिल्सिना- प्रमुख कार्यकारी अधिकृत, सिद्धार्थ बैंक लि.।

**४.३. पदाधिकारीहरुको उपस्थिती**

| | |
|---|---|
| (१) श्री शम्भु नाथ गौतम | प्रमुख कार्यकारी अधिकृत |
| (३) श्री सुन्दर प्रसाद कडेल | सहायक प्रमुख कार्यकारी अधिकृत |
| (४) श्री रामेश्वर प्रसाद बस्याल | नायब महाप्रबन्धक |
| (५) श्री शेर बहादुर बुढाथोकी | नायब महाप्रबन्धक |
| (६) श्री अर्जुन भद्र खनाल | प्रमुख-साना तथा मझौला एवं उपभोक्ता कर्जा |
| (७) श्री शैलजा ज्ञवाली | प्रमुख- एकिकृत जोखिम व्यवस्थापन |
| (८) श्री सृजन कृष्ण मल्ल | प्रमुख- सूचना प्रविधि |
| (९) श्री सुरेशराज महर्जन | प्रमुख- बिजनेश सपोर्ट / पेमेण्ट सोलुसन्स् |
| (१०) श्री मनोहर के.सी. | प्रमुख- केन्द्रीय कर्जा प्रशासन तथा नियन्त्रण |
| (११) श्री भोलानाथ ढुंगाना | प्रमुख- कानुन तथा कम्पनी सचिव |
| (१२) श्री ज्ञानेन्द्र कार्की | प्रमुख-सामान्य प्रसाशन |
| (१३) श्री प्रमेश श्रेष्ठ | प्रबन्धक-वित्त तथा लेखा |
| (१४) श्री लक्ष्मण घिमिरे | नायव प्रवन्धक |

**५. सभाको गणपुरक संख्या:**

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| ६८,२६१,१७१.५५ | ३९,९६३,२१३ | ३५१ | १५० | ५०१ | ५८.५४ |

**६. सभाको विषयसूची तथा प्रस्तावहरु:**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक बर्ष २०७३/७४ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात र मिति २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाव, सोही अवधीको नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.ब. २०७३/७४ को वित्तिय विवरण सहितको एकिकृत (Consolidated) वित्तिय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७४/७५ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस् चार्टड एकाउण्टेण्ट पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु. ६,८२,६१,१७,१५५ को १४ प्रतिशतका दरले हुने रु. ९५,५६,५६,४०२ (अक्षरेपी पञ्चानब्बे करोड छपन्न लाख छपन्न हजार चार सय दुई रुपैंया मात्र) बोनस शेयर वितरण गर्ने । (बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली